(१) कार्यालयले पदाधिकारी तथा कर्मचारीलाई स्रोतको उपलब्धता हेरी पत्रपत्रिका खरिद गरी उपलव्ध गराउन सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतलाई मासिक **एक हजार** रुपैयाँमा नबढाई सञ्चार सुविधा वापतको रकम वा मोबाइल रिचार्जको सुविधा उपलब्ध गराइनेछ ।

(३) कार्यालयवाट उपलव्ध भएको सञ्चारखर्च कार्यालयको प्रायोजनकोलागि मात्र प्रयोग गर्नुपर्नेछ ।

११. **पोशाक भत्ता**: स्थानीय तहका कर्मचारीलाई प्रत्येक वर्षको चैत्र महिनामा पोशाक भत्ता वापत नेपाल सरकारका कर्मचारीले पाए सरहको रकम उपलब्ध गराइनेछ ।

१२. **प्रोत्साहन तथा अन्य भत्ताः**

(१) भौगोलिक सुगमताका आधारमा वडामा खटिई नियमित कामकाज गर्ने प्राविधिक शाखा अन्तर्गतका कर्मचारीहरुलाई अनुसूची २ बमोजिम मासिक रुपमा प्रोत्साहन तथा अन्य भत्ता उपलब्ध गराइनेछ । यसरी भत्ता उपलब्ध गराइने कर्मचारीले अन्य कुनै किसिमका भत्ता तथा सुविधा प्राप्तगर्न सक्ने छैनन ।

तर, वडा कार्यालयको नियमित काम बाहेक कार्यपालिकाको कार्यालयबाट निश्चित कार्यको लागि प्रमुख प्रशासकीय अधिकृतले काजमा खटाएको खण्डमा दैनिक भ्रमण भत्ता लगायत उपलब्ध गराउन बाधा पर्ने छैन ।

अधिकारप्राप्त अधिकारीको स्वीकृति बेगर गरेको खर्च भुक्तानी गरिने छैन।

२०. **अन्य व्यवस्था** : गाउँपालिकाले निम्न बमोजिमका अन्य व्यवस्था गर्न सक्नेछ:

(क) योजनाको इष्टमेट सम्भव भएसम्म नेपालीमा गरिने छ ।

(ख) रू. बीस हजार भन्दा बढिको अनिवार्य भ्याट बिल अवश्यक पर्ने ।

(ग) भ्रमण अभिलेख खाता राख्ने ।

(घ) भ्रमणमा खटिने कर्मचारीबाट भ्रमण प्रतिवेदन लिने ।

(ङ) कन्टीजेन्सी खाता अध्यावधिक गरिराख्ने ।

(च) पेश्की फछ्र्यौट समयमै गर्न लगाउने ।

(छ) ठेक्का फाइलहरू व्यवस्थित गरिराख्ने ।

(ज) वार्षिक खरिद योजना बनाउने ।

(झ) बैंक हिसाब मिलान विवरण तयार गर्ने ।

(ञ) सेवा प्रवाहलाइ प्रभावकारी बनाउन अन्तरक्रीया घुम्ती सेवा, सार्वजनिक सुनुवाइ गर्ने ।

(ट) संचालित सबै कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने ।

(ठ) हेभी मेशिनको प्रयोगमा भाडादर निर्धारणमा एकरूपता गर्ने ।

(ड) ठेक्का सम्झैता कर कार्यालयमा पठाउने ।

(ढ) उपभोक्ता समितिलाइ रनिङ बिल र नापी किताबमा छाप लगाइ सही छाप गराउने ।

२१. **विशेष अधिकारः** यस निर्देशिकामा जेसुकै कुरा लेखिएको भए पनि प्रचलित संघीय तथा प्रदेश कानुनमा तोकिएका विषयहरु सोही बमोजिम हुने तथा गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट सेवा सुविधा र अन्य व्यवस्थाहरू थपघट हुन सक्नेछ ।

## अनुसूची १
## दफा ९ को उपदफा (१) सँग सम्बन्धित

कर्मचारी र जनप्रतिनिधिको लागि मासिक इन्धन सुविधा

इन्धन (पेट्रोल/डिजेल लिटरमा)

| क्र.सं. | तह/ पद | इन्धन (लिटरमा) |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | संघीय/प्रदेश कानुन अनुसार |
| २ | गाउँपालिका उपाध्यक्ष | संघीय/प्रदेश कानुन अनुसार |
| ३ | प्रमुख प्रशासकीय अधिकृत (चारपाङ्ग्रे) | संघीय/प्रदेश कानुन अनुसार |
| ४ | अधिकृतस्तर ६ औ र ७ औ (मोटरसाइकल/स्कुटर) | १० |
| ५ | प्राविधिक कर्मचारी | १० |
| ६ | सहायकस्तर (मोटरसाइकल/स्कुटर) | ७ |
| ७ | सहयोगी स्तर(मोटरसाइकल/स्कुटर) | ५ |

इन्धन सुविधा पाउने आधारहरु,

१. पदाधिकारी र कर्मचारीकोलागि कार्यालयले उपलब्ध गराएको वा आफ्नैगाडी वा मोटरसाइकल हुनुपर्नेछ ।

२. महिना भरी विदामा रहेको अवस्थामा सो महिनाको इन्धन उपलब्ध गराइने छैन ।

# अनुसूची २

## दफा १२ को उपदफा (१) सँग सम्बन्धित

प्राविधिक कर्मचारीको लागि प्रोत्साहन तथा अन्य सुविधा

१. इन्जीनियरिङ्ग सेवा अन्तर्गतका प्राविधिक कर्मचारीहरु

(वडा नं. १, ४, ६, ७, ८ र ९ मा कार्यरत)

| सि.नं | पद/तह | इन्धन/यातायात खर्च | मर्मत सम्भार खर्च | सञ्चार खर्च | फिल्ड भत्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | अधिकृतस्तर ६ औं र ७ औं | २५०० | २००० | ५०० | ५००० | १०००० |
| २ | सहायकस्तर चौंथो र पाँचौं | २००० | १५०० | ५०० | ४५०० | ८५०० |

२. इन्जीनियरिङ्ग सेवा अन्तर्गतका प्राविधिक कर्मचारीहरु

(वडा नं. २,३,५ तथा गाउँपालिकाको कार्यालयमा कार्यरत)

| सि.नं | पद/तह | इन्धन/यातायात खर्च | मर्मत सम्भार खर्च | सञ्चार खर्च | फिल्ड भत्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | अधिकृतस्तर ६ औं र ७ औं | २५०० | १५०० | ५०० | ४५०० | ९००० |
| २ | सहायकस्तर चौंथो र पाँचौं | १५०० | १००० | ५०० | ४००० | ७००० |

